नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

नेपाल मौसम विज्ञान विभाग

मौसम पूर्वानुमान महाशाखा

मनसुन बहिर्गमन बुलेटिन-२ (Monsoon Withdrawal Bulletin-2)

(जारी मितिः २०८३-०६-२८, दिउँसो २:०० बजे, २०२६ अक्टोबर १४)

आज मिति २०८३ असोज २८ गते (२०२६ अक्टोबर १४ तरिख) का दिन यस वर्षको मनसुन नेपालको सम्पूर्ण भू-भागबाट बहिर्गमन भएको छ।

गत २०८३ असोज १७ गते (२०२६ अक्टोबर ३ तारिख) का दिन सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश लगायत लुम्बिनी प्रदेशको पश्चिमी भू-भागको धेरै स्थानहरू र गण्डकी प्रदेशको पश्चिमी भू-भागको थोरै स्थानहरूबाट यस वर्ष मनसुन बहिर्गमनको शुरुवात भएको थियो।

चित्रः मनसुन बहिर्गमनको नक्सा, २०८३

नेपालमा मनसुन बहिर्गमन हुने सरदर मिति अक्टोबर २ भएतापनि यस वर्ष मनसुन १२ दिन ढिलो गरी बाहिरिएको छ। मनसुनको बहिर्गमन भएतापनि स्थानीय वायू तथा पश्चिमी वायूको प्रभाव रहन सक्ने भएकाले पछिल्लो मौसमी सूचनाको जानकारी लिनुहुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरूमा अनुरोध छ ।

मौसम सम्बन्धि थप जानकारीका लागि सम्पर्क राख्नुहोलाः

मौसम पूर्वानुमान महाशाखा, नेपाल मौसम विज्ञान विभाग

बबरमहल, काठमाडौ

फोनः ११५५(१)
Facebook: https://www.facebook.com/mfd.nepal.5
Website: https://dhm.gov.np/mfd